पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

पोखरा महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ०६) पोखरा, पौष २४ गते, २०७९ साल (संख्या ३२

## भाग २

## पोखरा महानगरपालिकामा स्वास्थ्य अनुसन्धानात्मक कार्य सञ्चालन कार्यविधि, २०७९

**प्रस्तावनाः** पोखरा महानगरपालिकामा बढ्दो सहरीकरण, औधोगीकरण, शहरी जीवनयापन, असुरक्षित खाने पानी तथा खाद्यान्य, सरसफाई, अन्तरिक तथा बाह्य बसाईसराईका कारणले स्वास्थ्य सम्बन्धी चुनौतीहरु दिन प्रतिदिन थपिदै गएका छन् । उपलब्ध स्रोत र साधनहरुको समुचित प्रयोग गर्दै स्वास्थ्य तथा समृद्ध नगरको परिकल्पनालाई साकार गर्न, महानगरीय स्वास्थ्य सेवाको गुणस्तरमा सुधार गरी सर्वसुलभ स्वास्थ्य सेवामा जनताको पँहुच बढाउन स्वास्थ्य सम्वन्धि अध्ययन तथा अनुसन्धान हुन जरूरी रहन्छ । अध्ययन तथा अनुसन्धानबाट प्राप्त नतिजाको आधारमा पोखरा महानगरपालिकाको आगामी स्वास्थ्य सम्वन्धि योजना बनाउन, नीति निर्माण गर्न तथा विभिन्न स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु निर्माण तथा कार्यान्वयन गर्न सहजता पुग्दछ । महानगरपालिका र विषयगत विशेषज्ञहरुको सु-सम्वन्ध कायम गरी उनीहरुको विज्ञताको उपयोग गर्दै महानगरको आवश्यकता र भविष्यसँग सरोकार राख्ने नीति तथा कार्यक्रम अन्तर्गत प्राथमिकतामा रहेका सेवा,

क्षेत्र, तथा विषयवस्तुहरुमा आधारित स्तरीय खोज तथा अध्ययन अनुसन्धान स्वास्थ्य सम्वन्धि योजना बनाउन, नीति निर्माण गर्न तथा विभिन्न स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु निर्माण तथा कार्यान्वयनमा सहजता ल्याउने प्रयोजनका लागि  पोखरा महानगरपालिकाको प्रसासकिय कार्यविधि(नियमित गर्ने) ऐन,२०७९ को दफा ५ ले दिएको अधिकार प्रयोग गरि नगर कार्यपालिकाले यो कार्यविधि जारि गरेको छ।

**परिच्छेद-१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (क) यस कार्यविधिको नाम “पोखरा महानगरपालिका स्वास्थ्य अनुसन्धानात्मक कार्य संचालन कार्यविधि, २०७९” रहनेछ।

(ख) यो कार्यविधि नगरकार्यपालिकाले स्वीकृत गरी प्रमाणित गरेको मिति देखि लागू हुनेछ।

२. **परिभाषा र ब्याख्या :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “महानगरपालिका” भन्नाले पोखरा महानगरपालिका सम्झनु पर्दछ।

(ख) “कार्यपालिका” भन्नाले संविधानको धारा २१६ बमोजिम गठित पोखरा महानगर पालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ।

(ग) “प्रमुख” भन्नाले पोखरा महानगरपालिकाका प्रमुख सम्झनु पर्दछ।

(घ) “उप-प्रमुख” भन्नाले पोखरा महानगरपालिकाका उप-प्रमुख सम्झनु पर्दछ।

(ङ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले पोखरा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(च) “समिति” भन्नाले पोखरा महानगरपालिकामा स्वास्थ्य अनुसन्धानात्मक कार्य सन्चालन कार्यवीधि, २०७९ बमोजिम गठन हुने समिति सम्झनु पर्दछ।

(छ) “अध्यक्ष” भन्नाले यसै कार्यविधि बमोजिम गठित समितिको अध्यक्षलाई सम्झनु पर्दछ।

(ज) “सदस्य सचिव” भन्नाले यसै कार्यविधि बमोजिम गठित समितिको सदस्य सचिवलाई सम्झनु पर्दछ।

## परिच्छेद २

## पोखरा महानगरपालिकामा स्वास्थ्य अनुसन्धानात्मक कार्य सन्चालन समिति गठन पदावधि, बैठक सम्वन्धि व्यवस्था र समितिको काम कर्तव्य र अधिकार

३. **पोखरा महानगरपालिकामा स्वास्थ्य अनुसन्धानात्मक कार्य सन्चालन कार्यविधि २०७९ को उद्देश्य :** पोखरा महानगरपालिकामा विद्यमान स्वास्थ्यसंग सम्वन्धित विषयहरुमा अनुसन्धान गरि महानगरपालिकाबाट प्रदान गरिएका स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन तथा महानागरले आगामी दिनहरुमा गर्नुपर्ने कार्यहरुका लागि बलियो प्रमाण जम्मा गर्नु यस कार्यविधिको मुख्य उद्देश्य हो भने विशेष उद्देश्यहरु देहाय बमोजिम छन् ।

क) पोखरा महानगरमा रहेका स्वास्थ्य समस्याहरुको पहिचान गर्ने

ख) स्वास्थ्य समस्याको उपयुक्त समाधानको उपाय पत्ता लगाउने

ग) स्वास्थ्य सेवा सम्बन्धी सम्भावनाहरुको खोजी गर्ने

घ) आगामी दिनमा थप गर्नुपर्ने कर्यक्रमहरुको एकिन गर्ने

ङ) हाल प्रदान गरिएका स्वास्थ्य कार्यक्रमहरुको प्रभावकारिता मुल्यांकन गर्ने

च) महानगरसंग आवश्यक, स्वास्थ्यसंग सम्वन्धित प्रमाण तथा सुचनाहरु संकलन गर्ने

छ) तथ्यपरक योजना निर्माणमा सहयोग गर्ने

४. **महानगरीय स्वास्थ्य अनुसन्धान समितिको गठनः** महानगरीय स्वास्थ्य अनुसन्धान समिति पाँच सदस्य रहने गरि देहाय बमोजिम गठन हुनेछ ।

**(क) महानगरीय स्वास्थ्य अनुसन्धान समिति**

| | | |
|---|---|---|
| १. | महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत | अध्यक्ष |
| २. | महाशाखा प्रमुख मध्येबाट समितिको अध्यक्षले तोकेको एक जना | सदस्य |
| ३. | स्वास्थ्य महाशाखाको प्राविधिक कर्मचारी मध्येबाट समितिका सदस्य सचिवले तोकेको एक जना | सदस्य |
| ४. | समितिको अध्यक्षले मनोनयन गरेको स्वास्थ्य क्षेत्रमा कार्यरत विषय विशेषज्ञ मध्ये बाट एक जना | सदस्य |
| ५. | स्वास्थ्य महाशाखा प्रमुख | सदस्य सचिव |

५. **समितिको पदावधि :** (क) समितिका पदेन पदाधिकारीहरुको पदावधि सो पदमा कायम रहेसम्म रहनेछ । मनोनयन हुने पदाधिकारीहरुको पदावधि मनोनयन गर्दा तोके बमोजिम हुने छ ।

६. **बैठक सम्वन्धि व्यवस्था :** (क) समितिको बैठक अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउनेछ ।

(ख) समितिको बैठक ३ महिनाको एक पटक वा अध्यक्षले तोके अनुसार वा आवश्यकताको आधारमा बस्नेछ ।

(ग) समितिको बैठकको अध्यक्षता, समितिका अध्यक्षले र अध्यक्षको अनुपस्थितिमा उपाअध्यक्षले गर्नेछन् ।

(घ) बैठकको निर्णय प्रमाणीकरण समितिका अध्यक्ष र सदस्य सचिवले गर्नेछन् ।

७. **गणपुरक संख्याः** (क) समितिको बैठकमा कम्तिमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ। बैठकको निर्णय बहुमतको आधारमा हुनेछ ।

**स्पस्टिकरणः** समितिको बैठकमा समितिले आवश्यकता अनुसार कुनै पदाधिकारी, महाशाखा, शाखा प्रमुख, विषय विज्ञ, स्वास्थ्य क्षेत्रमा योगदान दिन सक्ने संघ संस्थाका प्रतिनिधि वा व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ ।

८. **समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) संघीय सरकार, प्रदेश सरकार तथा महानगरपालिकाबाट स्विकृत ऐन, कानुन, नियमावली, नीति निर्देशिका बमोजिम स्वास्थ्य क्षेत्रसँग सम्बन्धित अनुसन्धान बिषयका क्षेत्रहरुको पहिचान गर्ने

(ख) पहिचान भएका अनुसन्धानका विषयहरुमा अनुसन्धानका लागि आर्थिक श्रोतको व्यवस्था मिलाउन पहल कदमी गर्ने ।

(ग) अनुसन्धानका विषयहरुमा अनुसन्धानका लागि दक्ष र योग्य व्यक्ति वा संघसस्थाहरुको खोजी तथा समन्वय गर्ने ।

(घ) अनुसन्धानका लागि प्रस्तावहरुको आह्वान गर्ने ।

(ङ) प्राप्त प्रस्तावहरु उपर छानविन गरी उपयुक्त प्रस्तावको छनौट गर्ने ।

(च) छनौट भएको प्रस्ताव अनुसार कार्य संचालनका लागि कार्यादेश दिने तथा कार्य गर्न लगाउने ।

(छ) अनुसन्धान कार्यको अनुगमन गर्ने ।

(ज) अनुसन्धानबाट प्राप्त प्रतिवेदन बुझी लिई सोको विश्लेषण गर्ने ।

(झ) प्राप्त प्रतिवेदनका आधारमा आगामी दिनहरुमा गर्नु पर्ने कार्यहरु एकिन गरी महानगर समक्ष पेश गर्ने ।

(ञ) महानगरले तोकेका अनुसन्धान सम्बन्धि अन्य कार्यहरु गर्ने गराउने ।

## परिच्छेद–३

## समितिका अध्यक्ष, उपाध्यक्ष, सदस्य सचिव र सदस्यको काम, कर्तव्य र अधिकार

९. **अध्यक्षको काम, कर्तव्य र अधिकारः** समितिका अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) समितिको बैठक बोलाउन सदस्य सचिवलाई निर्देशन दिने।

(ख) समितिको बैठकको अध्यक्षता गर्ने।

(ग) आवश्यकता अनुसार उपसमिति गठन गरी वा समितिका सदस्यहरुलाई जिम्मेवारी तोकी काममा लगाउने।

(घ) समितिले गरेका निर्णयहरु कार्यान्वयन सम्बन्धमा आवश्यक सहयोग, सुझाव, अनुगमन तथा निर्देशन प्रदान गर्ने।

१०. **उपाध्यक्षको काम, कर्तव्य र अधिकार :** समितिका उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षको काम, कर्तव्य र अधिकारको प्रयोग गर्ने।

(ख) अध्यक्षले तोके बमोजिमका कार्यहरु गर्ने गराउने।

११. **सदस्य सचिवको काम, कर्तव्य र अधिकार :** समितिका सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) अध्यक्षको निर्देशनमा समितिको सदस्य सचिवको हैसियतले बैठक आव्हान गर्ने।

(ख) समितिको बैठकमा प्रतिवेदन पेश गर्ने।

(ग) समितिको बैठकका एजेण्डाहरुमा छलफल तथा निर्णय गराउने।

(घ) समितिको बैठकका निर्णयहरु कार्यान्वयन गराउने तथा कार्यप्रगति समिक्षा गर्ने।

(ङ) समितिको निर्णय अनुसारका अन्य कार्यहरु गर्ने गराउने।

(च) समितिसंग सम्बन्धित निर्णय पुस्तिका लगायत अन्य कागजातहरु सुरक्षित राख्ने।

१२. **सदस्यको काम, कर्तव्य र अधिकार :** समितिका सदस्यहरुको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ।

(क) अध्यक्षको निर्देशन अनुसार बैठकमा सहभागी हुने।

(ख) समितिले तोकेको कार्यहरु गर्ने गराउने।

(ग) स्वास्थ्य क्षेत्रसँग सम्बन्धित सोध तथा अनुसन्धान लगायतका क्षेत्रमा सहयोग तथा सहजीकरण गर्ने।

## परिच्छेद–४

### १३. विविधः अनुसन्धानसंग सम्बन्धित कार्यहरु

(१) **सम्पन्न गर्नुपर्ने क्रियाकलापहरुः**

क) पोखरा महानगरबासीहरुको स्वास्थ्य तथा सम्वृद्धिका लागि आवश्यक महानगरको प्राथमिकतामा रहेका सेवा, क्षेत्र, तथा विषयवस्तुमा सहयोग पुग्ने गरी शिर्षक छनौट गरी पेश गरेका स्वास्थ्य, शिक्षा, विज्ञान तथा प्रविधि संकायका विषयगत विशेषज्ञ (न्युनतम स्नातकोत्तर तह पास गरेका) तथा उक्त विषयमा स्नातकोत्तर तहमा अध्ययनरत विधार्थीहरु वा अनुशन्धान कार्य गर्ने सस्थाहरू वा अनुसन्धान गर्न न्यूनतम शैक्षिक योग्यता (स्नातकोत्तर उत्रिण) गरेका व्यक्तिहरू अनुशन्धान कार्यका लागि योग्य मानिने साथै स्नातकोत्तर तहमा अध्ययनरत विधार्थीहरुले अनुसन्धान प्रस्ताव पेश गर्दा, आफु अध्यनरत शैक्षिक संस्थामा अध्यापन गरिरहेका कम्तिमा १ जना प्राध्यापक द्वरा उक्त अनुसन्धान कार्य आफ्नो सुपरिवेक्षण सम्पन्न हुने प्रतिवद्धता समेत पेश गर्नु पर्नेछ।

ख) एक हप्ताको सार्वजनिक सूचना मार्फत प्रस्ताव माग गरिने।

ग)अनुसन्धानको शिर्षक अनुसूची-१ मा उल्लिखित क्षेत्रहरुसँग सम्बन्धित हुनुपर्ने।

घ)अनुसन्धान प्रस्ताव ढाँचाको नमुना अनुसूची-२ मा व्यवस्था भए बमोजिमको हुने।

ङ)विधार्थीले पेश गर्ने प्रस्तावमा सम्बन्धित बिषय विज्ञले निर्देशन गर्ने प्रतिवद्धता समेत संलग्न गरेको हुनुपर्ने।

च) प्रस्ताव मुल्यांकनका आधारहरु अनुसूची-३ मा उल्लेख भए बमोजिमको हुनेछ।

छ) विधार्थीले पेश गर्ने प्रस्तावमा, एउटा स्वीकृत अनुसन्धान प्रस्तावका लागि अनुसन्धानको प्रकृति अनुसार बढीमा रकम रु ५००००।-(रु पचास हजार मात्र) तथा सम्बन्धित विषयगत विज्ञहरुले पेश गर्ने प्रस्तावमा महानगरपालिको आवश्यकता तथा अनुसन्धानको प्रकृति अनुसार प्रस्ताव छनौट समितिको निर्यण अनुसार निर्धारण गरिनेछ।

ज) यसरी पेश गर्ने प्रस्तावसँगै सम्बन्धित विश्वविद्यालय, विद्यालयको **IRC tyf NHRC** बाट लिएको सहमति पेश गर्नुपर्ने छ।

झ) सम्बन्धित अनुसन्धानकर्तासँग स्वास्थ्य महाशाखाले सम्झौता गर्ने।

ञ) सम्झौता भए बमोजिम अनुसन्धान कार्य संचालन गर्नुपर्ने।

ट) सम्झौता बमोजिम अनुसन्धान कार्य सम्पन्न गरी रिपोर्ट बुझाए पश्चात मात्र रकम भुक्तानी दिने।

(२) **कार्यक्रमको अनुगमनः**

(क) आवश्यकता अनुसार पोखरा महानगरपालिका स्वास्थ्य महाशाखाबाट हुनेछ।

(३) रकम भुक्तानीका लागि पेश गर्नुपर्ने आवश्यक कागजातहरुः

(क) सम्झौता पत्र

(ख)अनुसन्धानसँग सम्बन्धित कागजातहरु एवं फोटोहरु

(ग) अनुसन्धान प्रतिवेदन

## परिच्छेद–५

१४. **खारेजी र बचाउ :** (क) यस कार्यविधिमा लेखिए बमोजिमको व्यवस्था बाहेकका अन्य कार्य तथा व्यवस्थाहरु स्वास्थ्य सेवा ऐन २०५३, स्थानीय सरकार संचालन ऐन २०७४, नेपाल सरकार तथा पोखरा महानगरपालिकाले तोके बमोजिम हुनेछ।

(ख) यस भन्दा अगाडी भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ।

## अनुसूची – १

**(दफा १३ उपदफा १ (ग) सँग सम्बन्धित)**

**अनुसन्धानका बिषय/क्षेत्रहरु**

१. परिवार नियोजन सेवाको प्रभावकारिता र चुनौती
२. मातृ तथा बाल पोषण
३. सुरक्षित मातृत्व सेवाको प्रभावकारिता र चुनौती
४. स्वास्थ्य बिमाको प्रभावकारिता
५. खोप सेवाको पहुँच र उपभोग
६. नसर्ने रोगको अवस्था
७. मलेरिया निवारणको अवस्था र चुनौती
८. खाद्यपदार्थमा प्रयोग भएका विषादी अवस्था र मानब स्वास्थ्यमा त्यसको प्रभाव
९. क्षयरोग् नियन्त्रण सेवाको प्रभावकारिता र चुनौती
१०. मानसिक स्वास्थ्य
११. आँखा, नाक, कान, तथा घाँटी स्वास्थ्य
१२. कोभिड, डेंगी, रेविज जस्ता संक्रामक रोगहरू
१३. किट तथा कीटजन्य रोग नियन्त्रण
१४. खाद्यान्नको गुणस्तर, स्वच्छता र स्वास्थ्यमा यसको असर
१५. प्रदुषण, स्वास्थ्य संस्थाजन्य फोहोरमैला व्यवस्थापन

स्वास्थ्य महाशाखाको आवश्यकता तथा प्राथमिकताको आधारमा अन्य क्षेत्रहरु पनि समावेश गर्न सकिनेछ।

**अनुसूची - २**

**(दफा १३ उपदफा १ (घ) सँग सम्बन्धित)**

**अनुसन्धान प्रस्ताव ढाँचाको नमूना**

१. शिर्षक (**Title**)
२. कार्यकारी सारांश (**Abstract**)
३. परिचय/पृष्ठभूमी (**Introduction Background**)
४. समस्याको कथन (**Statement of the Problem**)
५. औचित्य (**Rational**)
६. अनुसन्धानको प्रश्न र प्रस्ताव (**Research question and Research hypothesis**)
७. अनुशन्धानका उद्देश्यहरू (**Objectives**)
८. सैद्धान्तिक ढाँचा / दृष्टिकोण (**Theoretical Framework / Prospectives**)
९. साहित्य समिक्षा (**Literature review**)
१०. अनुसन्धान विधि (**Research Methodology**)
११. आशातित प्रतिफलहरू (**Expected Outcomes**)
१२. नैतिक समस्या/मुद्दा (**Ethical Issues**)
१३. समय सिमा (**Timeline**)
१४. अनुमानित लागत (**Estimated Budget**)
१५. सन्दर्भ सामाग्रीहरू (**References**)
१६. अनुसूचिहरू (**Annex**)
१७. व्यक्तिगत वा सस्थागत निवेदन
१८. शैक्षिक योग्यताका प्रमाणपत्रहरू
१९. अनुसन्धानकर्ताको बायोडाटा

**अनुसूची – ३**

**(दफा १३ उपदफा १ (च) सँग सम्बन्धित)**

**प्रस्ताव मूल्यांकनका आधारहरु**

१. अनुसन्धान समस्यासँग सम्बन्धित शीर्षक

- १ अंक

२. अनुसन्धानको निष्कर्षबाट नीति निर्माण र कार्यन्वयनमा सहयोग पुग्ने अवस्था

- ४ अंक

३. अनुसन्धानबाट प्राप्त हुने लाभ

- २ अंक

४. अनुसन्धान विधि

- १ अंक

५. समग्रमा प्रस्तावको सान्दर्भिकता

- २ अंक

जम्मा -१० अंक

## अनुसूची - ४
**(दफा १३ को उपदफा ३ (ग) सँग सम्बन्धित)**
**अनुसन्धान प्रतिवेदनको ढाँचा (Structure of Research Report)**

**प्रारम्भिक भाग (Preliminary part)**

- ☐ शीर्षक (**Title**)
- ☐ सार (**Abstract**)
- ☐ बिषयसूची (**Table of Content**)
- ☐ तालिका सूची (**List of Tables**)
- ☐ चित्र सूची (**List of figures**)
- ☐ संक्षिप्त शब्दहरु (**Abbreviations**)

**मुख्य भाग (Main body)**

**परिचय (Introduction)**

- ☐ अध्ययनको पृष्ठभूमी (**Background**)
- ☐ समस्याको कथन (**Problem Statement**)
- ☐ अध्ययनको औचित्य (**Justification of the study**)
- ☐ अनुसन्धानको प्रश्नहरु/परिकल्पना (**Research questions hypothesis**)
- ☐ अनुसन्धानको उद्देश्य (**Objectives of the research**)

**सम्बन्धित साहित्य समिक्षा (Literature Review)**

**सैद्धान्तिक तथा धारणागत ढाँचा (Theoretical and conceptual Framework)**

**अध्ययन विधि (Research Methodology)**

- ☐ अध्ययन क्षेत्र (**Study site**)
- ☐ अनुसन्धान ढाँचा (**Research design**)
- ☐ नमुना छनौट प्रक्रिया (**Sampling**)
- ☐ तथ्यांक संकलनका प्रक्रिया, विधि र साधनहरु (**Data collection procedure, tools & techniques**)
- ☐ तथ्यांक विश्लेषण विधि (**Data entry and analysis**)
- ☐ नैतिक मान्यताहरु समावेस (**Ethical considerations**)

- ☐ परिणाम (**Result findings**)
- ☐ छलफल (**Discussion**)
- ☐ निश्कर्ष (**Conclusion**)
- ☐ सिफारिश (**Recommendation**)
- ☐ सन्दर्भसूची (**References**)

- परिशिष्ट (**Annexes**)

नोटः अनुसन्धानको भाषा नेपाली वा अंग्रेजी हुनेछ।अनुसन्धान प्रतिवेदन निर्धारित ढाँचामा हुनुपर्नेछ।

**प्रमाणिकरण मिति**

२०७९।०९।२४

**आज्ञाले**

**प्रमुख प्रशासकीय अधिकृत**